# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रुकुम (पश्चिम) ०८८-४०११४६,९८५७८२६१११
कर्णाली प्रदेश, नेपाल ito.chaurjaharimun@gmail.com



चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी रुकुम पश्चिम
कर्णाली प्रदेश नेपाल
२०७३


## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०५/१५ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र यस चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०७७ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदी तथा खोलाहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी चौरजहारी नगरपालिकाले तोकिको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | सूचना नं. / बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | CJM/RIVERBED/NCB/01/079/080 | चौरजहारी नगरपालिका स्थित भेरी नदीको बाँस खोला, रानीसागर घाटबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य | १९०००।०० | रु. १६,७६,४०८।०० | कबोल अङ्कको पाँच प्रतिशत | ३०००.०० |
| २. | CJM/RIVERBED/NCB/02/079/080 | चौरजहारी नगरपालिका स्थित भेरी नदी लामाबगर घाटबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य | ३९०००।०० | रु. ३४,४१,०४८।०० | कबोल अङ्कको पाँच प्रतिशत | ३०००.०० |

२०७९/५/१९

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम) ०८८-४०११४६,९८५७८२६१११
कर्णाली प्रदेश, नेपाल ito.chaurjaharimun@gmail.com


| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | CJM/RIVERBED/NCB/03/079/080 | चौरजहारी नगरपालिका स्थित जहारीखोला, टोटाखोला, कालीगार बाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य | २००००।०० | रु. १७,६४,६४०।०० | कबोल अङ्कको पाँच प्रतिशत | ३०००.०० |

## सर्तहरू

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय चौरजहारीमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ४३३०१००३०१०३०००२ मा नगद जम्मा गरेको भौचरसहित अनलाइन प्रणाली (www.bolpatra.gov.np/egp) बाट बोलपत्र पेस गर्न सकिनेछ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफूले कबोल गरेको अङ्कको पाँच प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको **धरौटी खाता नं. ४३३०१००३०३००००००२** जम्मा गरी सोको सक्कल बैंक भौचर वा राष्ट्र बैंकबाट इजाजत प्राप्त **'क'** वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको 'बिड बण्ड' पेस गर्नुपर्ने छ।

३. बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाईल नं. समेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ मिति २०७९।०६।१४ गते दिनको १२:०० बजेभित्र बोलपत्र पेस गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेस गर्ने अन्तिम दिनको दिउँसो २:०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

२०७९।५।१५
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम) ०८८-४०११४६,९८५७८२६१११
कर्णाली प्रदेश, नेपाल ito.chaurjaharimun@gmail.com

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी रुकुम पश्चिम कर्णाली प्रदेश नेपाल २०७३

५. प्रि-बिड बैठक यो सूचना प्रकाशन भएको मितिले २० औं दिनको १२:०० बजे चौरजहारी नगर कार्यपालिकाको कार्यालयमा हुनेछ। इच्छुक बोलपलदाताहरूले उक्त बैठकमा भाग लिइ यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सकिने छ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघेर, रीत नपुगी वा सर्तसहित पेस हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले सात दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अङ्कको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता बापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्रबाट इजाजत प्राप्त **'क'** वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८० साल असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेस गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अङ्क, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियामानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगरपालिकाबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

**नोट :** विस्तृत जानकारीको लागि यस कार्यालयको website www.chaurjaharimun.gov.np र www.bolpatra.gov.np/egp मा समेत हेर्न सकिनेछ।

२०७९/१/१५

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत